**मिति २०७७ भाद्र १ गते (वि.सं. २०७७।०५।१) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९३ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

यस तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले पारित गरेको आ.ब. २०७७/०७८ को नीति,कार्यक्रम तथा बजेट अनुसार सहितको रातो कितावआम नागरिकको जानकारीका लागि प्रकाशन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका आ.ब. २०७७/०७८ को बार्षिक कार्यक्रम कार्यान्वयनको लागिसबै वडा कार्यालय,शाखा महाशाखाले कार्यान्वयन तथा अनुगमन क्यालेण्डर २०७७ भाद्र १५ गते भित्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८को योजना विवरण सहितको योजना बैंक पुस्तीका प्रकाशन गर्ने र उक्त योजना बैंकमा समावेश भएका योजनाहरु मात्र लागत सहभागिताको आधारमा कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८का योजना कार्यान्वयनमा नगरस्तरीय योजनाहरु कार्यान्वयन गर्दा लागत जनसहभागिताको आधारमा तथा सबै वडामा सिंचाई,कृषि,खानेपानी र सडकलाई प्रमुख प्राथमिकतामा दिने सर्बसम्मत निर्णय गरियो । साथै रातो कितावमा समावेस भएका ह्यूमपाईप, तारजाली, पोलसार्ने र तारतान्ने कामको ल.ई तयार गरी २०७७ भाद्र मसान्त भित्र उपमहानगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७७/०७८को नीति,कार्यक्रम र बजेटमा ब्यवस्था भए बमोजिम न्यून बजेट परिपुर्तिका लागि रु. ५०००००००(पांच करोड)को आन्तरिक ऋण उठाउने सर्बसम्मत निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ भाद्र १ गते (वि.सं. २०७७०५।१) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९३ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका कोरोना भाईरस (Covid 19) सम्बन्धी तुलसीपुरको होम क्वारेन्टीन,सामुदायिक क्वारेन्टीन र आईसोलेसन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यबिधि,२०७७ स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका प्राध्यानाध्यापक छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७७ छलफलका लागि पेश गरियो ।

**निर्णय नं.: ८**

तुलसीपुर उपमहानगरपालिकामा तपसिल अनुसारका फर्म तथा प्रा.लि.ले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउन निवेदन पेश गरि आर्थिक विकास समितिको सिफारिस अनुसार **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि** को बुँदा नं. २ अनुसार "घ" वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | फर्म तथा प्रा.लि.को नाम | फर्मको ठेगाना | प्रोप्राईटर वा संचालकको नाम |
|---|---|---|---|
| १ | बालान बद्रर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | तुलसीपुर-६, दाङ्ग | गजराज बालान क्षेत्री |
| २ | नविना कन्स्ट्रक्सन | तुलसीपुर-५, दाङ्ग | ललबहादुर खत्री |

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख